# विगु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा

# न्यायिक समिति
## वार्षिक प्रगति प्रतिवेदन
## आर्थिक वर्ष २०८२/०८३

पेश गर्ने

**न्यायिक समिति**

विगु गाउँपालिका, लादुक, दोलखा

**विषयसूची**


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | परिचय | १ |
| २. | न्यायिक समितिको गठन तथा कानुनी आधार, न्यायिक समितिको क्षेत्राधिकार | २ |
| ३. | न्यायिक समितिको उद्देश्य तथा कार्यक्षेत्र, नियमित सेवा तथा प्रशासनिक कार्यसम्पादन | ३ |
| ४. | मेलमिलाप केन्द्र स्थापना, व्यवस्थापन तथा परिचालन | ४ |
| ५. | मेलमिलापकर्ताको अद्यावधिक, सूचीकृत तथा क्षमता अभिवृद्धि | ५ |
| ६. | न्यायिक समिति बैठक, इजलास तथा उजुरी व्यवस्थापन | ६ |
| ७. | विवाद दर्ता तथा फछ्यौटको अवस्था | ७ |
| ८. | कार्यक्रम तथा सेवा सञ्चालनबाट प्राप्त उपलब्धि | ८ |
| ९. | भौतिक तथा वित्तीय प्रगति | ९ |
| १०. | सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, समस्या तथा चुनौती | १० |
| ११. | सुझाव | ११ |
| १२. | निष्कर्ष | १२ |
| १३. | अनुसूची | १३-१५ |

## १. परिचय

नेपालको संविधानको धारा २१७ बमोजिम स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरिएको छ। कानूनले तोकेको अधिकारक्षेत्रभित्रका विवादको निरूपण तथा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने उद्देश्यले विगु गाउँपालिकामा न्यायिक समिति गठन भई कार्यसम्पादन हुँदै आएको छ। स्थानीय तहमा नागरिकको न्यायमा पहुँच सहज बनाउने, विवादको यथासम्भव स्थानीय स्तरमै समाधान गर्ने तथा पक्षहरूबीच आपसी सहमति र समझदारी कायम गराउने कार्यमा समितिको भूमिका रहँदै आएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिबाट नियमित प्रशासनिक तथा न्यायिक कार्यका अतिरिक्त वडा तहमा रहेका मेलमिलाप केन्द्र तथा मेलमिलापकर्ताको परिचालन, अद्यावधिक, सूचीकृत तथा क्षमता अभिवृद्धि, आवश्यक सामग्री तथा सञ्चार खर्चको व्यवस्थापन, विवाद सहजीकरणबापत प्रोत्साहन तथा यातायात खर्च, न्यायिक समिति बैठक तथा इजलास सञ्चालनलगायतका कार्य सम्पन्न गरिएको छ।

प्राप्त विवरणअनुसार गाउँपालिकाका आठवटै वडामा रहेका मेलमिलापकर्ताको विवरण अद्यावधिक गरी न्यायिक समितिको कार्यसम्पादनसँग आबद्ध गरिएको छ। मेलमिलापका माध्यमबाट स्थानीय स्तरमै समाधान गर्न सकिने विवादलाई सहजीकरण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ। यसका साथै उजुरी, म्याद, सूचना, प्रतिउत्तर, मिलापत्र तथा मिसिलसम्बन्धी कागजातको व्यवस्थापन र अभिलेखीकरणलाई नियमित कार्यका रूपमा अघि बढाइएको छ।

प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिबाट सम्पादन भएका कार्य, प्राप्त उजुरी तथा विवादको अवस्था, मेलमिलापसम्बन्धी गतिविधि, स्वीकृत कार्यक्रम तथा बजेटको कार्यान्वयन, उपलब्धि, सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष तथा आगामी कार्यदिशालाई समेटी तयार गरिएको हो। प्रतिवेदन तयार गर्दा उपलब्ध मूल प्रतिवेदन, उजुरीसम्बन्धी विवरण, कार्यक्रमगत कागजात तथा सम्बन्धित अभिलेखलाई आधार लिइएको छ।

## २. न्यायिक समितिको गठन तथा कानुनी आधार

नेपालको संविधानको धारा २१७ मा स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरिएको छ। सो संवैधानिक व्यवस्थाअनुसार स्थानीय तहमा कानूनले तोकेको अधिकारक्षेत्रभित्रका विवादको निरूपण तथा मेलमिलापका माध्यमबाट विवाद समाधान गर्ने कार्य न्यायिक समितिबाट सम्पादन हुँदै आएको छ। विगु गाउँपालिकामा गाउँसभाबाट न्यायिक समिति गठन भई प्रचलित कानूनबमोजिम कार्यसम्पादन भइरहेको छ।

न्यायिक समितिको कार्यसम्पादनको प्रमुख कानुनी आधार नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ हो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ मा न्यायिक समितिको अधिकारक्षेत्र तथा विवाद निरूपणसम्बन्धी व्यवस्था गरिएको छ भने दफा ४९ मा मेलमिलापको कार्यसम्पादन तथा मेलमिलाप केन्द्रसम्बन्धी व्यवस्था रहेको छ। समितिले आफ्नो अधिकारक्षेत्रभित्र पर्ने विवादमा कानूनबमोजिम आवश्यक प्रक्रिया पूरा गरी मेलमिलाप हुन सक्ने विषयमा मेलमिलापको माध्यमलाई प्राथमिकता दिँदै आएको छ।

## ३. न्यायिक समितिको क्षेत्राधिकार

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को १ बमोजिम न्यायिक समितिको अधिकारक्षेत्र देहायबमोजिम रहेको छः-**

(१) न्यायिक समितिलाई देहायका विवादको निरूपण गर्ने अधिकार हुनेछः-
(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
(ख) अर्काको बाली नोक्सानी गरेको,
(ग) चरन, घाँस, दाउरा,
(घ) ज्याला मजुरी नदिएको,
(ङ) घरपालुवा पशुपक्षी हराएको वा पाएको,
(च) ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
(छ) नाबालक छोरा छोरी वा पति—पत्नीलाई इज्जत आमदअनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
(ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,
(झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,
(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
(ट) संधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,
(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पु¥याएको,
(ड) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (२) बमोजिम न्यायिक समितिलाई देहायका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने अधिकार हुनेछः-**

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,
(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
(ग) पति—पत्नीबीचको सम्बन्ध विच्छेद,
(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,
(ङ) गाली बेइज्जती,
(च) लुटपिट,
(छ) पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,

(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,

(झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,

(ञ) ध्वनी प्रदूषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको,

(ट) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद।

## ३. न्यायिक समितिको उद्देश्य तथा कार्यक्षेत्र

### ३.१ उद्देश्य

- स्थानीय स्तरमा नागरिकलाई सहज, सरल तथा सुलभ न्यायिक सेवा उपलब्ध गराउने।
- कानूनले तोकेको अधिकारक्षेत्रभित्र पर्ने विवादलाई प्रचलित कानूनी प्रक्रिया तथा मेलमिलापका माध्यमबाट समाधान गर्ने।
- विवादका पक्षहरूबीच संवाद, सहमति र आपसी समझदारी कायम गर्न सहजीकरण गर्ने।
- स्थानीय समुदायमा शान्ति, सद्भाव तथा सामाजिक सम्बन्ध कायम राख्न सहयोग पुऱ्याउने।
- नागरिकलाई न्यायिक समिति, मेलमिलाप प्रक्रिया तथा सम्बन्धित कानुनी व्यवस्थाबारे आवश्यक जानकारी उपलब्ध गराउने।

### ३.२ कार्यक्षेत्र

न्यायिक समितिको कार्यक्षेत्रमा कानूनले तोकेका विषयसँग सम्बन्धित उजुरी तथा निवेदन दर्ता, प्रारम्भिक कारबाही, पक्षहरूलाई सूचना तथा म्याद तामेली, प्रतिउत्तर तथा अन्य कागजात व्यवस्थापन, छलफल तथा मेलमिलाप, मिलापत्र तयार गर्ने, आवश्यक अवस्थामा सम्बन्धित निकायसँग समन्वय गर्ने तथा मिसिल अभिलेख राख्ने कार्यहरू पर्दछन्।

## ४. नियमित सेवा तथा प्रशासनिक कार्यसम्पादन

आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिबाट नियमित न्यायिक तथा प्रशासनिक कार्यसम्पादन गरिएको छ। सेवाग्राहीबाट प्राप्त निवेदन तथा उजुरीलाई विषयगत रूपमा हेरी आवश्यक प्रक्रिया अगाडि बढाइएको छ। कार्यालयमा पेश गर्नुपर्ने निवेदन तथा पत्र तयार गर्न, न्यायिक प्रक्रियासम्बन्धी सामान्य जानकारी उपलब्ध गराउन तथा सम्बन्धित निकायसँग समन्वय गर्न आवश्यक सहजीकरण गरिएको छ।

- सेवाग्राहीलाई न्यायिक प्रक्रिया, आवश्यक कागजात तथा उजुरी दर्तासम्बन्धी जानकारी उपलब्ध गराउने।
- सरकारी कार्यालयमा पेश गर्नुपर्ने निवेदन तथा आवश्यक पत्र तयार गर्न सहजीकरण गर्ने।
- सरकारी कार्यालय तथा सेवाग्राहीबीच आवश्यक समन्वय र सहजीकरण गर्ने।
- निवेदन, उजुरी तथा फिरादपत्र दर्ता गरी आवश्यक प्रक्रिया अगाडि बढाउने।
- म्याद तथा सूचना तामेली गर्ने तथा सोसम्बन्धी अभिलेख राख्ने।
- प्रतिउत्तर पत्रलगायतका कागजात दर्ता तथा आदेशसम्बन्धी कार्यमा सहजीकरण गर्ने।
- मेलमिलापसम्बन्धी कागजात तथा मिलापत्र तयार गरी सुरक्षित रूपमा अभिलेख राख्ने।
- न्यायिक समितिलाई तोकिएका अन्य प्रशासनिक तथा कार्यसम्पादनसम्बन्धी कार्यमा आवश्यक सहयोग गर्ने।

नियमित कार्यसम्पादनबाट न्यायिक समिति र सेवाग्राहीबीच प्रत्यक्ष सम्पर्क कायम हुनुका साथै उजुरी तथा विवादसम्बन्धी प्रक्रिया बुझ्न र आवश्यक कागजात व्यवस्थापन गर्न सेवाग्राहीलाई सहजीकरण भएको छ। प्राप्त कागजात तथा उजुरीलाई क्रमबद्ध रूपमा राख्ने र विषयअनुसार सम्बन्धित निकायसँग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

## ५. मेलमिलाप केन्द्र स्थापना, व्यवस्थापन तथा परिचालन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ बमोजिम न्यायिक समितिको कार्यसम्पादनलाई व्यवस्थित गर्न वडा तहमा मेलमिलाप केन्द्र स्थापना तथा व्यवस्थापन गर्ने व्यवस्था रहेको छ। सोही व्यवस्थाअनुसार विगु गाउँपालिकाका वडा तहमा मेलमिलापको पहुँच विस्तार तथा परिचालनलाई प्राथमिकताका साथ अघि बढाइएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाका आठवटै वडामा रहेका मेलमिलापकर्ताको विवरण अद्यावधिक गरिएको छ। स्थानीय स्तरमा मेलमिलापसम्बन्धी तालिम प्राप्त व्यक्तिहरूलाई सूचीकृत गरी आवश्यकताअनुसार विवाद सहजीकरणमा परिचालन गरिएको छ।

### ५.१ प्रमुख कार्य

- वडा तहमा रहेका मेलमिलापकर्ताको विवरण अद्यावधिक तथा व्यवस्थापन।
- स्थानीय स्तरमा समाधान हुन सक्ने विवादलाई मेलमिलाप प्रक्रियामा सहजीकरण।
- पक्षहरूलाई मेलमिलापको प्रक्रिया, सहमतिको महत्व तथा आवश्यक कागजातबारे जानकारी उपलब्ध गराउने।
- मेलमिलापबाट भएको सहमति तथा मिलापत्रसम्बन्धी कागजात सुरक्षित रूपमा अभिलेख राख्ने।
- न्यायिक समिति, वडा कार्यालय तथा मेलमिलाप केन्द्रबीच आवश्यक समन्वय कायम गर्ने।

## ६. मेलमिलापकर्ताको अद्यावधिक, सूचीकृत तथा क्षमता अभिवृद्धि

न्यायिक समितिको कार्यसम्पादनमा मेलमिलापकर्ताको भूमिका महत्वपूर्ण रहेको हुँदा आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाका आठवटै वडामा रहेका मेलमिलापकर्ताको विवरण अद्यावधिक तथा व्यवस्थापन गरिएको छ। स्थानीय रूपमा मेलमिलापसम्बन्धी तालिम प्राप्त मेलमिलापकर्तालाई न्यायिक समितिमा सूचीकृत गरी आवश्यकताअनुसार विवाद सहजीकरणका लागि परिचालन गरिएको छ।

मेलमिलापकर्ताको कार्यक्षमता अभिवृद्धि गर्ने उद्देश्यले क्षमता अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रमबाट विवादको प्रकृति पहिचान, पक्षहरूसँग व्यवहार गर्ने तरिका, संवाद सहजीकरण, निष्पक्षता, गोपनीयता तथा सहमतिका आधारमा समाधान खोज्ने प्रक्रियासम्बन्धी आवश्यक जानकारी उपलब्ध गराइएको छ।

### ६.१ गरिएको व्यवस्थापन

- आठवटै वडामा रहेका मेलमिलापकर्ताको विवरण अद्यावधिक तथा सूचीकृत गर्ने कार्य।
- मेलमिलापकर्ताको क्षमता अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन।
- मेलमिलापसम्बन्धी आवश्यक पुस्तक तथा सन्दर्भ सामग्री वितरण।
- विवाद सहजीकरण गरेबापत प्रोत्साहन तथा यातायात खर्चको व्यवस्था।
- मेलमिलापकर्ताका लागि सञ्चार खर्च उपलब्ध गराउने व्यवस्था।

उपलब्ध सामग्री, क्षमता अभिवृद्धि तथा प्रोत्साहनको व्यवस्थाबाट वडा तहमा मेलमिलापसम्बन्धी कार्य सञ्चालनका लागि आधार तयार भएको छ। आगामी दिनमा पुनर्ताजगी तालिम, अनुभव आदानप्रदान तथा कार्यसम्पादनको अनुगमनलाई थप व्यवस्थित गर्न आवश्यक देखिन्छ।

## ७. न्यायिक समिति बैठक, इजलास तथा उजुरी व्यवस्थापन

आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिको नियमित बैठक तथा इजलास सञ्चालन गरी प्राप्त उजुरी तथा विवादमाथि आवश्यक छलफल, निर्णय तथा सहजीकरण गरिएको छ। उपलब्ध मूल प्रतिवेदनअनुसार यस अवधिमा न्यायिक समितिका १८ वटा इजलास तथा बैठक सम्पन्न भएका छन्।

### ७.१ उजुरी व्यवस्थापनको प्रक्रिया

| चरण | मुख्य कार्य |
|---|---|
| १ | उजुरी/निवेदन प्राप्त तथा दर्ता |
| २ | विवादको प्रकृति तथा अधिकारक्षेत्रसम्बन्धी प्रारम्भिक अध्ययन |
| ३ | सम्बन्धित पक्षलाई सूचना/म्याद तथा आवश्यक पत्राचार |
| ४ | पक्षहरूको उपस्थितिमा छलफल तथा आवश्यक प्रक्रिया |
| ५ | मेलमिलापको सम्भावना भए सहजीकरण |
| ६ | सहमति भए मिलापत्र तथा अभिलेख व्यवस्थापन |
| ७ | आवश्यक अवस्थामा सम्बन्धित निकायसँग समन्वय तथा अन्य प्रक्रिया |

उजुरी व्यवस्थापनमा विषयको प्रकृति, अधिकारक्षेत्र, उपलब्ध कागजात तथा पक्षहरूको सहमतिलाई ध्यान दिइएको छ। मेलमिलापबाट समाधान हुन सक्ने विवादलाई प्राथमिकताका साथ सहजीकरण गरिएको छ भने मेलमिलाप हुन नसक्ने वा अन्य निकायको अधिकारक्षेत्रसँग सम्बन्धित विषयमा प्रचलित प्रक्रिया तथा सम्बन्धित निकायसँग समन्वय गर्ने व्यवस्था अवलम्बन गरिएको छ।

## ८. विवाद दर्ता तथा फछ्यौटको अवस्था

आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिसमक्ष प्राप्त उजुरी तथा विवादको दर्ता र फछ्यौटसम्बन्धी विवरण मूल प्रतिवेदनमा उल्लेख भएअनुसार प्रस्तुत गरिएको छ। यस अवधिमा जम्मा ९ वटा उजुरी दर्ता भएको र ९ वटा उजुरी फछ्यौट/मिलापत्र भएको विवरण उल्लेख छ। वडा तहमा दर्ता भई मिलापत्र भई आएका विवादको संख्या ७ वटा रहेको कैफियतसमेत मूल विवरणमा उल्लेख गरिएको छ।

### ८.१ उजुरी दर्ता तथा फछ्यौट विवरण

| आ.व. | जम्मा दर्ता उजुरी संख्या | फछ्यौट भएका वा मिलापत्र भएका उजुरी संख्या | मेलमिलाप हुन नसकी अन्य निकायमा पठाएका उजुरी संख्या | तामेलीमा रहेका उजुरी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| २०८२/०८३ | ९ | ९ | - | - | |

### ८.२ विवादको प्रकृति अनुसार विवरण

| क्र.सं. | विवादको प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घरायसी विवाद (४७(१) को घ अन्तर्गत) | २ | घरायसी विवाद १ विवाद प्रहरी मेलामा दर्ता भएको विवादमा न्यायिक समितिले सहजीकरण गरी सहमति गराएको। |
| २ | सम्झौता रोक्का | २ | |
| ३ | घर भाडा सम्बन्धी (४७(१) को ज अन्तर्गत) | १ | |
| ४ | लेनदेन सम्बन्धी (४७(२) को ट अन्तर्गत) | २ | |
| ५ | बस्ति नियन्त्रण सम्बन्धी (४७(२) को ट अन्तर्गत) | १ | |
| ६ | सम्झौता अनुसार जिम्मेवारी नदिएको (४७(२) को ट अन्तर्गत) | २ | |

## ९. कार्यक्रम तथा सेवा सञ्चालनबाट प्राप्त उपलब्धि

आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिबाट नियमित न्यायिक कार्यका अतिरिक्त मेलमिलाप सेवा, मेलमिलापकर्ताको व्यवस्थापन तथा क्षमता अभिवृद्धि, आवश्यक सामग्री तथा सञ्चार खर्च, विवाद सहजीकरण तथा न्यायिक समिति बैठक/इजलास सञ्चालनसम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गरिएको छ। यी कार्यक्रम तथा गतिविधिले न्यायिक सेवा प्रवाहलाई वडा तहसम्म जोड्न र स्थानीय स्तरमा विवाद समाधानका लागि आवश्यक आधार तयार गर्न सहयोग पुगेको छ।

### ९.१ कार्यक्रमका उपलब्धि

- गाउँपालिकाका आठवटै वडामा रहेका मेलमिलापकर्ताको विवरण अद्यावधिक तथा व्यवस्थापन गरिएको।
- मेलमिलापकर्ताको क्षमता अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी कार्यसम्पादनसम्बन्धी आवश्यक जानकारी उपलब्ध गराइएको।
- मेलमिलापकर्तालाई आवश्यक पुस्तक तथा सन्दर्भ सामग्री उपलब्ध गराइएको।
- मेलमिलापकर्तालाई सञ्चार खर्च तथा विवाद सहजीकरणबापत प्रोत्साहन/यातायात खर्च उपलब्ध गराइएको।
- न्यायिक समितिका १८ वटा बैठक तथा इजलास सञ्चालन गरी प्राप्त विषयमा आवश्यक छलफल तथा प्रक्रिया अगाडि बढाइएको।
- उजुरी, निवेदन, म्याद, सूचना, प्रतिउत्तर तथा मिलापत्रसम्बन्धी कार्यमा सेवाग्राहीलाई आवश्यक सहजीकरण उपलब्ध गराइएको।

समग्रमा कार्यक्रम तथा सेवा सञ्चालनबाट स्थानीय नागरिकलाई न्यायिक समितिसम्म पहुँच कायम गर्न, वडा तहबाट मेलमिलाप सेवा प्राप्त गर्न तथा विवादलाई सम्भव भएसम्म स्थानीय स्तरमै समाधान गर्ने वातावरण निर्माण गर्न सहयोग पुगेको देखिन्छ।

## १०. भौतिक तथा वित्तीय प्रगति

आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिअन्तर्गत स्वीकृत कार्यक्रम तथा बजेटअनुसार मेलमिलापकर्ता क्षमता अभिवृद्धि, सञ्चार खर्च वितरण, विवाद समाधानबापत प्रोत्साहन/यातायात खर्च, न्यायिक समिति इजलास तथा बैठक खर्च र न्यायिक समिति अन्तरपालिका अन्तरक्रिया/अभ्याससम्बन्धी कार्यक्रम कार्यान्वयन गरिएको छ। मूल प्रतिवेदनमा उल्लेख भएको बजेट तथा कार्यक्रमको अवस्था देहायबमोजिम रहेको छ।

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | विनियोजित बजेट (रु.) | कार्यक्रमको अवस्था | सम्पन्न अवस्थाको प्रगति (%) | मुख्य सम्पादित कार्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेलमिलापकर्ता क्षमता अभिवृद्धि कार्यक्रम | २,२५,००० | सम्पन्न | १०० | ८/८ वडा गरी मेलमिलापकर्ताहरूलाई दुई दिवसीय क्षमता अभिवृद्धि कार्यक्रम चार दिन सञ्चालन | |
| २ | मेलमिलापकर्ता सञ्चार खर्च वितरण कार्यक्रम | २,००,००० | सम्पन्न | १०० | मेलमिलापकर्ताहरूलाई मासिक रु. २०० का दरले सञ्चार खर्च वितरण | |
| ३ | मेलमिलापकर्ताले विवाद समाधान गरेबापत | १,५०,००० | सम्पन्न | १०० | मेलमिलापकर्ताहरूबाट वडाका विवाद समाधान तथा सहजीकरण | |
| ४ | न्यायिक समिति इजलास र बैठक खर्च | १,००,००० | सम्पन्न | १०० | १८ वटा बैठक सम्पन्न | |
| ५ | न्यायिक समिति अन्तरपालिका अन्तरक्रिया/अभ्यास आह्वान प्रदान कार्यक्रम | २,००,००० | सम्पन्न | १०० | सम्पन्न | |

विनियोजित बजेटको कुल रकम रु. ८,७५,०००/- रहेको देखिन्छ। प्रस्तुत तालिकामा मूल प्रतिवेदनमा उल्लेख भएको बजेट तथा कार्यक्रमको विवरणलाई यथावत् राखिएको छ। खर्चको वास्तविक रकम तथा अन्तिम वित्तीय प्रगति सम्बन्धित लेखा अभिलेख, खर्चको फाँटवारी, बिल भरपाई तथा भुक्तानीसम्बन्धी कागजातसँग रुजु गरी मात्र अन्तिम रूपमा प्रमाणित गर्नुपर्नेछ। साथै, नियमित कार्यसम्पादनसम्बन्धी विवरणमा २० वटा बैठक/इजलास सम्पन्न भएको उल्लेख छ भने कार्यक्रमगत वित्तीय विवरणमा १५ वटा बैठक सम्पन्न भएको उल्लेख भएकाले अन्तिम प्रतिवेदन प्रमाणीकरणअघि सम्बन्धित बैठक तथा इजलास अभिलेखसँग रुजु गरी संख्या यकिन गर्नुपर्नेछ।

## ११. सबल पक्ष

आर्थिक वर्ष २०८२/०८३ मा न्यायिक समितिको कार्यसम्पादनबाट स्थानीय स्तरमा न्यायिक सेवा प्रवाहलाई निरन्तरता दिन सकिएको छ। विशेषगरी वडा तहमा मेलमिलापकर्ताको परिचालन, नियमित बैठक तथा इजलास सञ्चालन, सेवाग्राहीलाई प्रक्रियागत सहजीकरण तथा मेलमिलापका माध्यमबाट विवाद समाधान गर्ने अभ्यासलाई संस्थागत गर्ने प्रयास गरिएको छ।

- संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार न्यायिक समितिको कार्यसम्पादनलाई निरन्तरता दिइएको।
- न्यायिक समिति, वडा कार्यालय तथा मेलमिलाप केन्द्रबीच आवश्यक समन्वयको अभ्यास कायम गरिएको।
- आठवटै वडाका मेलमिलापकर्ताको विवरण अद्यावधिक तथा सूचीकृत गरी परिचालन गरिएको।
- मेलमिलापकर्ताको क्षमता अभिवृद्धिका लागि तालिम तथा अभिमुखीकरण सञ्चालन गरिएको।

### सेवा प्रवाहका सबल पक्ष

- स्थानीय स्तरमै विवाद समाधानको अवसर उपलब्ध गराउने प्रयास गरिएको।
- सेवाग्राहीलाई निवेदन, उजुरी तथा न्यायिक प्रक्रियासम्बन्धी आवश्यक सहजीकरण उपलब्ध गराइएको।
- म्याद, सूचना, प्रतिउत्तर, मिलापत्र तथा मिसिलसम्बन्धी कार्यमा नियमितता कायम गरिएको।
- सम्भव भएसम्म पक्षहरूको सहमति तथा मेलमिलापलाई प्राथमिकता दिइएको।

उपलब्ध अभिलेखका आधारमा मेलमिलापमार्फत विवाद समाधान गर्ने अभ्यासले पक्षहरूबीच संवाद तथा सहमतिको वातावरण निर्माण गर्न सहयोग पुगेको देखिन्छ। यसले स्थानीय स्तरमा न्यायिक सेवा प्राप्त गर्ने अवसरलाई व्यवहारिक रूपमा उपयोगी बनाउन योगदान गरेको छ।

## १२. सुधार गर्नुपर्ने पक्ष, समस्या तथा चुनौती

न्यायिक समितिको कार्यसम्पादनका क्रममा देखिएका व्यावहारिक तथा संस्थागत अवस्थालाई आधार मान्दा केही पक्षमा थप सुधार तथा व्यवस्थापन आवश्यक देखिन्छ। विशेषगरी पक्षहरूलाई उपस्थित गराउने प्रक्रिया, मेलमिलाप केन्द्रको भौतिक अवस्था, पक्षहरूको सहमति, अभिलेख व्यवस्थापन तथा जनशक्ति व्यवस्थापनका विषयमा निरन्तर सुधार आवश्यक रहेको छ।

## १२.१ प्रमुख समस्या तथा चुनौती

- विवादका दुवै पक्षलाई समयमै उपस्थित गराउने कार्यमा व्यावहारिक कठिनाइ देखिनु।
- केही वडा तहका मेलमिलाप केन्द्र पर्याप्त रूपमा व्यवस्थित नहुँदा नियमित रूपमा मेलमिलाप सत्र सञ्चालन गर्न असहज हुनु।
- दुवै पक्षको सहमति नभएको अवस्थामा मेलमिलाप प्रक्रिया अगाडि बढाउन कठिनाइ हुनु।
- पक्षहरू मेलमिलाप प्रक्रियामा सकारात्मक र असल नियतका साथ सहभागी नभएमा सहमतिमा पुग्न कठिन हुनु।
- विवादको प्रकृति अनुसार सबै विषय मेलमिलापबाट मात्र समाधान हुन नसक्ने अवस्था रहनु।

## १३. सुझाव

न्यायिक समितिको सेवा प्रवाहलाई थप व्यवस्थित, प्रभावकारी तथा सेवाग्राहीमैत्री बनाउन विद्यमान कार्यप्रणालीलाई क्रमशः सुधार गर्दै लैजान आवश्यक छ। आगामी आर्थिक वर्षमा अभिलेख व्यवस्थापन, मेलमिलाप केन्द्रको सुदृढीकरण, मेलमिलापकर्ताको क्षमता विकास, नियमित अनुगमन तथा नागरिकस्तरमा न्यायिक सचेतना अभिवृद्धिलाई प्राथमिकतामा राख्न उपयुक्त हुने देखिन्छ।

### १३.१ सुधारका लागि प्रमुख सुझाव

- उजुरी दर्तादेखि फछ्यौटसम्मका प्रत्येक चरणको अभिलेख व्यवस्थित तथा क्रमबद्ध रूपमा राख्ने।
- न्यायिक समिति तथा मेलमिलापसम्बन्धी अभिलेखलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गर्ने।
- वडा तहका मेलमिलाप केन्द्रको भौतिक अवस्था सुधार गरी न्यूनतम आवश्यक व्यवस्थापन सुनिश्चित गर्ने।
- मेलमिलापकर्ताका लागि नियमित पुनर्ताजगी तथा विषयगत तालिम सञ्चालन गर्ने।
- मेलमिलाप केन्द्रको कार्यसम्पादनको आवधिक अनुगमन गरी आवश्यक सुझाव तथा सहजीकरण गर्ने।
- न्यायिक समितिको कार्यसम्पादनका लागि आवश्यक जनशक्ति तथा स्पष्ट कार्यविवरणको व्यवस्था गर्ने।
- ग्रामीण तथा दुर्गम बस्तीमा न्यायिक सेवा तथा मेलमिलापसम्बन्धी जनचेतनामूलक कार्यक्रम विस्तार गर्ने।

## १४. निष्कर्ष

आर्थिक वर्ष २०८२/०८३ मा विगु गाउँपालिकाको न्यायिक समितिबाट स्थानीय स्तरमा न्यायिक सेवा प्रवाह तथा विवाद समाधानसम्बन्धी कार्यलाई निरन्तरता दिइएको छ। नियमित उजुरी तथा प्रशासनिक कार्यसम्पादन, न्यायिक समिति बैठक तथा इजलास सञ्चालन, वडा तहका मेलमिलापकर्ताको अद्यावधिक तथा परिचालन, क्षमता अभिवृद्धि तथा अभिमुखीकरण, आवश्यक सामग्री वितरण र विवाद सहजीकरणसम्बन्धी कार्यहरू सञ्चालन भएका छन्।

समितिको कार्यसम्पादनबाट स्थानीय नागरिकलाई न्यायिक प्रक्रियामा पहुँच पुऱ्याउन तथा सम्भव भएसम्म विवादलाई स्थानीय स्तरमै समाधान गर्न सहयोग पुगेको देखिन्छ। मेलमिलापका माध्यमबाट पक्षहरूबीच संवाद, सहमति तथा समझदारी कायम गर्ने अभ्यासलाई निरन्तरता दिइएको छ। न्यायिक समिति बैठक तथा इजलास सञ्चालनबाट प्राप्त विषयलाई प्रक्रियागत रूपमा व्यवस्थापन गर्न आवश्यक आधारसमेत तयार भएको छ।

यद्यपि पक्षहरूलाई उपस्थित गराउने कठिनाइ, मेलमिलाप केन्द्रको भौतिक व्यवस्थापन, पक्षहरूको सहमतिमा निर्भरता, अभिलेख व्यवस्थापन तथा जनशक्ति व्यवस्थापनका पक्षमा थप सुधार आवश्यक देखिएको छ। आगामी वर्षमा यी विषयलाई योजनाबद्ध रूपमा सम्बोधन गर्न सकेमा न्यायिक समितिको सेवा प्रवाह थप व्यवस्थित र प्रभावकारी हुने अपेक्षा गरिएको छ।

अतः आगामी दिनमा न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि, मेलमिलाप केन्द्रको सुदृढीकरण, मेलमिलापकर्ताको दक्षता विकास, डिजिटल अभिलेखीकरण, नियमित अनुगमन तथा नागरिकस्तरमा न्यायिक सचेतना विस्तारलाई प्राथमिकताका साथ अगाडि बढाउन आवश्यक देखिन्छ। उपलब्ध अभिलेखलाई नियमित रूपमा अद्यावधिक गरी तथ्याङ्कमा एकरूपता कायम गर्नु पनि आगामी कार्यसम्पादनको महत्वपूर्ण पक्षका रूपमा लिनुपर्ने देखिन्छ।

समग्रमा, आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न कार्यहरूले स्थानीय तहमा न्यायिक सेवा तथा मेलमिलापको संयन्त्रलाई निरन्तरता दिन सहयोग पुगेको छ। आगामी वर्षमा विद्यमान अभ्यासलाई थप व्यवस्थित, पारदर्शी, अभिलेखमा आधारित तथा नागरिकमैत्री बनाउँदै लैजान न्यायिक समिति, वडा कार्यालय, मेलमिलाप केन्द्र तथा सम्बन्धित निकायबीचको समन्वयलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

## अनुसूची-१

## कार्यक्रमका केही फोटोहरु

### १. क्षमता अभिवृद्धि तथा अभिमुखीकरण कार्यक्रम







२. मेलमिलाप कर्ता सञ्चार खर्च वितरण कार्यक्रम





## ३. न्यायिक समिति अन्तर जिल्ला अन्तर पालिका अभ्यास आदन प्रदान कार्यक्रम








